आयोगबाट स्वीकृत: २०८३।०५।१६

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: १५।०८३
दर्ता मिति: २०८३।०५।१७

लोक सेवा आयोग

नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं

# लोक सेवा आयोग (कार्य सञ्चालन) (पहिलो संशोधन) निर्देशिका, २०८३

लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लोक सेवा आयोग ऐन, २०७९ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोगले यो निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो निर्देशिकाको नाम "लोक सेवा आयोग (कार्य सञ्चालन) (पहिलो संशोधन) निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ को दफा ३१ उपदफा (२) मा संशोधनः (१) लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ३१ को उपदफा (२) को खण्ड (ङ) को देहाय (२), (३) र (४) को सट्टा देहायको (२), (३) र (४) कायम गरी सोही खण्डको देहाय (७) झिकिएको छः-

"(२) प्रत्येक परीक्षा केन्द्रका लागि एकजना केन्द्राध्यक्ष तोक्ने र कुनै कारणले परीक्षा केन्द्रमा केन्द्राध्यक्ष अनुपस्थित भएमा परीक्षामा खटिएका सहायक केन्द्राध्यक्ष मध्ये बरिष्ठ कर्मचारीले स्वतः केन्द्राध्यक्षको जिम्मेवारी लिई कार्य सम्पन्न गर्ने ।

(३) प्रत्येक परीक्षा केन्द्रमा कम्तिमा तीस जना उम्मेदवारका लागि एकजना सहायक केन्द्राध्यक्ष र एकजना निरीक्षक तोक्ने।

तर देहायको अवस्थामा तीस जना भन्दा कम उम्मेदवारका लागि एकजना सहायक केन्द्राध्यक्ष र एकजना निरीक्षक रहने गरी व्यवस्था गर्न बाधा पर्ने छैनः-

(अ) अलग्गै परीक्षा सञ्चालन गर्नुपर्ने कुनै विज्ञापनमा तीसजना भन्दा कम उम्मेदवार भएमा, र

(आ) एउटा परीक्षा कोठामा कम्तिमा तीस जना उम्मेदवारका लागि बसाई व्यवस्थापन गर्दै जाँदा अन्त्यमा बाँकी रहेका तीसजना भन्दा कम उम्मेदवारका लागि अलग परीक्षा कोठा व्यवस्था गर्नु पर्ने भएमा।

(४) आयोगको कार्यालय परिसरमा रहेको परीक्षा केन्द्रमा एकजना र आयोगको कार्यालय बाहिर रहेको परीक्षा केन्द्रमा बढीमा दुईजना सहयोगी कर्मचारी तोक्ने।"

३. मूल निर्देशिकाको दफा ३१ को उपदफा (३) मा संशोधनः (१) मूल निर्देशिकाको दफा ३१ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) कायम गरी उपदफा (३क) समेत थपिएको छः-

"(३) परीक्षा सञ्चालन गर्दा तीनसय जना उम्मेदवारको लागि एउटा परीक्षा केन्द्र तोकिनेछ।

तर कुनै परीक्षा केन्द्र रहेको भवन परिसरमा सो भन्दा बढी उम्मेदवार अट्ने क्षमताको कोठा उपलब्ध भएमा सो भन्दा बढी संख्याको लागि एउटै परीक्षा केन्द्र तोक्न बाधा पर्ने छैन ।

(३क) न्यून उम्मेदवार संख्या भएका बिभिन्न विज्ञापनको लिखित परीक्षा सञ्चालन गर्दा वस्तुगत र विषयगत प्रश्नपत्रको प्रकृति तथा उम्मेदवार नदोहोरिने अवस्था हेरी एक भन्दा बढी विज्ञापनका परीक्षा एकै समयमा एउटै परीक्षा केन्द्र कायम गरी सञ्चालन गर्नु पर्नेछ ।

४. मूल निर्देशिकाको दफा ३१ को उपदफा (८) मा संशोधन: मूल निर्देशिकाको दफा ३१ को उपदफा (८) को अन्तिम वाक्यांश पछि "त्यसरी गरेको निगरानी तथा सुपरीवेक्षणको प्रतिवेदन आयोगले स्वीकृत गरेको ढाँचामा अध्यक्षले आयोग समक्ष, सदस्य र सचिवले अध्यक्ष समक्ष, सहसचिवले सचिव समक्ष र कार्यालय प्रमुखले तोकेको सुपरीवेक्षकले कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।" भन्ने वाक्यांश थपिएको छ।

५. मूल निर्देशिकाको "दफा ३६" झिकिएको छ।

६. मूल निर्देशिकाको दफा ३८ मा संशोधनः मूल निर्देशिकाको दफा ३८ को खण्ड (च) पछि देहायको खण्ड (च१) र खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(च१) अनुसूची-२० बमोजिमको परीक्षार्थीको उपस्थिति र समावेशी विवरण सङ्कलन गर्ने।

(छ१) खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षामा खटिएको जनशक्तिलाई विद्युत्तीय भुक्तानी प्रणाली मार्फत पारिश्रमिक उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने।"

७. मूल निर्देशिकाको ठाउँ ठाउँमा उल्लेख रहेको "उपकेन्द्राध्यक्ष" भन्ने शब्द झिकिएको छ।

Dimagrain
२०७६।५।१६